नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १८५

(पञ्जीकरण शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति : २०७८।४।२४

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

विषय : करार अवधि थप सम्बन्धमा ।

श्री महानगरपालिका
श्री उपमहानगरपालिका
श्री नगरपालिका
श्री गाउँपालिका,
नगर/गाउँ कार्यपालिकाको कार्यालय, सबै ।

उपर्युक्त विषयमा विभागबाट तहाँ पालिकाहरुमा प्रेषित कार्यसम्पादन मूल्याङ्कन फाराम भरी मूल्याङ्कन गर्ने कार्य भएकै होला । विभिन्न स्थानीय तहले विभागको **SSSPCR** आयोजना अन्तर्गत आ-आफ्नो स्थानीय तहका सेवा इकाईमा कार्यरत एम.आई.एस.अपरेटर र फिल्ड सहायकको सेवा करारको अवधि थप गर्ने प्रयोजनार्थ विभाग समक्ष स्वीकृति माग गरेको निवेदनको सन्दर्भमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ दोस्रो संशोधन, २०७६ को परिच्छेद-४, बुँदा नं. ४.६ (क) र(ख) तथा सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद- ५, बुँदा नं.१६ (१) र(२) को व्यवस्था अनुसार सेवा करारको म्याद थप गर्नुपर्ने अवस्थामा मूल्याङ्कन गर्दा कार्यसम्पादन स्तर ७५ प्रतिशतभन्दा माथि भई सन्तोषजनक भएका कर्मचारीको सम्बन्धित स्थानीय तहले सेवा करार म्याद थप गरी विभागमा जानकारी गराउनु हुन र कार्य सम्पादन मूल्याङ्कन ७५ प्रतिशत भन्दा कम भई कार्यसम्पादन स्तर सन्तोषजनक नभएका कर्मचारीको हकमा जनशक्ति छनौट सम्बन्धी, मापदण्ड, २०७६ को दफा १८ अनुरूप आवश्यक निर्णयका लागि विभागमा पठाउने व्यवस्था हुन साथै आयोजनाको समयावधि १६ जुलाई सन् २०२३ सम्म थप भएकोले सोही अनुरुप एक पटकमा एक वर्षभन्दा बढी नहुने गरी म्याद थप गर्न सकिने व्यहोरा जानकारीका लागि आदेश अनुसार अनुरोध छ ।

(सावित्रा बस्नेत)
शाखा अधिकृत